आज मिति २०७५/०९/१९ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख.प्र.अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

<u>बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७५।०९।१९ गतेको प्रस्ताव तथा निर्णयहरु</u>

१. चौथो नगर सभा- २०७५ सम्बन्धमा।

**निर्णयः** यस बुद्धभूमी नगरपालिकाको चौथो नगर सभा यही २०७५ माघ १८ गते दिनको १२:३० बजे देखि बैठक बस्ने हुँदा सबै नगर सभा सदस्य ज्यूहरूलाई सूचना गरी जानकारी गराउने निर्णय गरियो।

२. राष्टपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमा।

**निर्णयः** राष्ट्रपति चुरे मधेश संरक्षण कार्यक्रमबाट अर्न्तगत आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम यस बुद्धभूमी नगरपालिकाको वाणगंगा नदी प्रणाली क्षेत्रबाट प्रभाव पर्ने वडा नं. १, २, ४, ५ र १० मा तपसिलका कार्यक्रम योजनाहरू सञ्चालन गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | स्थान | बजेट रकम |
|---|---|---|---|
| १ | तटबन्ध र दाहा सस्कार | रामघाट वाणगंगा नदी | ५०,००,०००।- |
| २ | तटबन्ध र नदी किनारा संरक्षण कुन्द्रा खोला | बसन्तपुर, बुद्धभूमी-१ | १०,००,०००।- |
| ३ | पोखरी निर्माण तथा मर्मत सम्भार | बुड्ढी ताल, बुद्धभूमी-४ | २५,००,०००।- |
| १ | बृक्षारोपण | वडा नं. १,२,४,५ र १० | ७५,०००।- |
| २ | बायो ग्यास निर्माण | वडा नं. १,२,४,५ र १० | ३,७५,०००।- |
| ३ | पशुपालन प्रर्वधन | वडा नं. १,२,४,५ र १० | ४,५०,०००।- |
| ४ | गल्छी तथा पहिरो रोकथाम | बुद्धमूमी-१० घोहरी नालामा पुल संरक्षण, हर्रहवा | १०,००,०००।- |
| ५ | गल्छी तथा पहिरो रोकथाम | वडा -१०, गगनी गाउँ संरक्षण | १०,००,०००।- |
| ६ | गल्छी तथा पहिरो रोकथाम | वडा नं. -१०, धरमपुरा पुरानो बस्ती | १०,००,०००।- |
| ७ | गल्छी तथा.पहिरो रोकथाम | वडा-१, बसन्तपुरको पन्थी घाट संरक्षण | १०,००,०००।- |
| जम्मा | | | १,३४,००,०००।- |

३. कृषि अनुसन्धान केन्द्र माग सम्बन्धमा।

**निर्णयः** नेपाल कृषि प्रधान देश भएको हुँदा यस प्रदेश नं. ५ अर्न्तगत सबै जिल्लालाई समेत सुविधा हुने हुँदा कृषि क्षेत्रको विकासको लागि कृषि अनुसन्धानको आवश्यकता र महत्व भएकोले कृषि अनुसन्धान केन्द्र स्थापनाको लागि आवश्यक पर्ने जगा यस बुद्धभूमी नगरपालिकाको वडा नं. २ वडहरामा रहेको कित्ता नं. १५६५ मध्येबाट १०(दश) कठ्ठा जग्गा उपलब्ध गराउने गरी आवश्यक सहयोगको लागि कृषि अनुसन्धान केन्द्र बाह्य अनुसन्धान महाशाखा खुमलटार ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

४. लागत सहभागिता कार्यक्रम सम्बन्धमा।

**निर्णयः** यस बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभाबाट आ.व. २०७५/०७६ को विनियोजित बजेट रकम मध्ये लागत सहभागिताको कार्यक्रमबाट निम्नानुसारका योजना कार्यक्रमहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो। साथै उक्त योजनाहरू उपभोक्ता स्वयम् निर्माण कार्य सञ्चालन गर्न माग भै आएमा उपभोक्ताबाट संचालन गर्ने दिने निर्णय समेत गरियो।

<u>**५०/५० को कार्यक्रम**</u>

| सि.न. | योजना/कार्यक्रमको नाम | स्थान | नगरको बजेट | समूहको बजेट | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | झगदहवा बाँधको कुलो पक्की निर्माण | वडा नं. १, वीरपुर | ५,००,०००।- | ५,००,०००। | १०,००,०००। |
| २ | पत्थरकोट सिचाईकुलो पक्की निर्माण | वडा नं. १, पत्थरकोट | १०,००,०००।- | १०,००,०००। | २०,००,०००। |
| ३ | पत्थरकोट, बीरपुर सिचाई कुलो अधुरो | वडा नं. १, वीरपुर | १५,००,०००।- | १५,००,०००। | ३०,००,०००। |
| ४ | कवर्डहल निर्माण, बीरपुर | वडा नं. १, वीरपुर | १०,००,०००।- | १०,००,०००। | २०,००,०००। |
| जम्मा | | | ४०,००,०००। | ४०,००,०००। | ८०,००,०००। |

प्रमुख प्रशासकीय अधिकृत (उपसचिव)

Scanned by CamScanner

६०/४० को कार्यक्रम

| सि.न. | योजना/कार्यक्रमको नाम | स्थान | नगरको बजेट | समूहको बजेट | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं. ९ इमिलिया लोकमार्गदेखि गोविन्द बेल्बासेको घर सम्म सडक कालोपत्रे | इमिलिया | ६,००,०००। | ४,००,०००। | १०,००,०००। |
| २ | गौतम बुद्ध मा.वि. मञ्च निर्माण | गोरूसिंगे | ४,२०,०००। | २,८०,०००। | ७,००,०००। |
| ३ | वडा नं. १ टिक्कर सिचाई कुलो निर्माण | टिक्कर | ५,४०,०००। | ३,६०,०००। | ९,००,०००। |
| ४ | वडा नं. १ टिक्कर गोगेवा टोल सडक विस्तार | टिक्कर | ५,४०,०००। | ३,६०,०००। | ९,००,०००। |
| ५ | वडा नं. १ बसन्तपुर बनखेत कपासी सडक विस्तार | बसन्तपुर | ३,००,०००। | २,००,०००। | ५,००,०००। |
| ६ | वडा नं. ३ टाँकू सिचाई कुलो पक्की निर्माण | टाँकू | ९,००,०००। | ६,००,०००। | १५,००,०००। |
| ९ | वडा नं. ९ झरनिया ताल निर्माण | इमिलिया | ३,६०,०००। | २,४०,०००। | ६,००,०००। |
| जम्मा | | | ३६,६०,०००। | २४,४० ,०००। | ६१,००,०००। |

७०/३० को कार्यक्रम

| सि.न. | योजना/कार्यक्रमको नाम | स्थान | नगरको बजेट | समूहको लागत सहभागिता | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं. २ लोकमार्गदेखि पुरानो ग्यारेज गोरूसिंगे हाटबजार जाने सडक कालोपत्रे | गोरूसिंगे | ५,९५,०००। | २,५५,०००। | ८,५०,०००। |
| २ | वडा नं. ९ इमिलिया लोकमार्गदेखि हिरा जिसीको घर सम्म सडक कालोपत्रे | इमिलिया | १४,००,०००। | ६,००,०००। | २०,००,०००। |
| ३ | वडा नं. ३ ने.रा. मा.वि. रनगाई अधुरो भवन | रनगाई | ७,००,०००। | ३,००,०००। | १०,००,०००। |
| ४ | वडा नं. ४ बुडढी गाउँ भित्र नाली निर्माण | बुडढी | ८,४०,०००। | ३,६०,०००। | १२,००,०००। |
| ५ | वडा नं. ७ जय अम्बे स्वालम्बन बचत तथा ऋण सहकारी संस्थाको गोदम घर निर्माण | विसनपुर | ७,००,०००। | ३,००,०००। | १०,००,०००। |
| ६ | वडा नं. ८ बनकट्टी-झुसिया सडक स्तरोउन्नति | बनकट्टी | ५,६०,०००। | २,४०,०००। | ८,००,०००। |
| ७ | वडा नं. २ पुरेना देउराली मन्दिर निमार्ण | पुरेना | १,४०,०००। | ६०,०००। | २,००,०००। |
| ८ | वडा नं. ३ घन्चौरा दुर्गा मन्दिर संरक्षण | घन्चौरा | ७०,०००। | ३०,०००। | १,००,०००। |
| ९ | वडा नं. ४ लोकमार्गदेखि डाबर जाने सडक कालो पत्रे | डाबर | ७,००,०००। | ३,००,०००। | १०,००,०००। |
| जम्मा | | | ५७,०५,०००। | २४,४५,०००। | ८१,५०,०००। |

५. सडक बोर्ड कार्यक्रम सम्बन्धमा।

**निर्णय:** यस बुद्धभूमी नगरपालिका अन्तर्गत रहेका सडकहरू मध्ये सडकको मर्मत सम्भार गरी आवत जावतलाई सहजता ल्याउनको लागि स्तर वृद्धि गर्न अति आवश्यक भएको हुँदा नेपाल सरकार सडक बोर्डको मापदण्ड बमोजिम निर्माण कार्य गर्ने गरी निम्नानुसारको सडकहरूमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

| सि.नं. | योजना सडक | सडक बोर्ड बजेट | नगर बजेट | जम्मा |
|---|---|---|---|---|
| १ | टिक्कर-बुडढी-विजगौरी सडक | १४,००,०००। | ६,००,०००। | २०,००,०००। |
| २ | लोकमार्ग ५५ KM देखि हरिहरपुर गाउँ वडा कार्यालय जाने सडक | १०,५०,०००। | ४,५०,०००। | १५,००,०००। |
| ३ | लोकमार्ग बडहरा वन कार्यालय उत्तर मोर्मा गाउँ जाने सडक | १०,५०,०००। | ४,५०,०००। | १५,००,०००। |
| जम्मा | | ३५,००,०००। | १५,००,०००। | ५०,००,०००। |

गोपीनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

Scanned by CamScanner

उक्त सडक बोर्डमा विनियोजित रकम मध्येबाट बाँकी रहेका रकमु खर्च गर्नको लागि नगर प्रमुखज्यू साथै प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गरियो ।

६. गत बर्षको बाँकी भुक्तानी सम्बन्धमा ।

**निर्णयः** बुद्धभूमी नगरपालिकाको तपसिलका विविध आ.व.०७४।७५ मा मर्मत सम्भार साथै निर्माण भएका तपसिलका कामको विविध कारणाबाट खर्च भुक्तानी दिन बाँकी रहेको भनी पेश हुन आएको कामको रकम भुक्तानी दिनको लागि चालु आ.व. २०७५/०७६ को मर्मत सम्भार शिर्षकबाट विनियोजित रकम मध्येबाट रू. ५,७३,३२१- (पाँच लाख त्रिहत्तर हजार तीन सय एक्काइस) मात्र भुक्तानी दिने निर्णय गरियो ।

| सि.न. | योजना/कार्यक्रम/मर्मतसम्भार | रकम |
|---|---|---|
| १ | नगरपालिका बाउन्ड्रीको तारवारको मर्मत कामको खर्च | ७३,३७० |
| २ | गोलघरमा बेन्च निर्माण तथा मर्मत | ९७,६१४ |
| ३ | ४ नं. वडाकार्यालय मर्मत सम्भार | ९८,००० |
| ४ | झन्डा राख्ने मन्च निर्माण तथा मर्मत | २४,९१० |
| ५ | कार्यालय प्रमुखको शौचालय निर्माण तथा मर्मत | ९८,५०७ |
| ६ | फूल राख्ने क्यारी निर्माण तथा मर्मत | ५४,८७० |
| ७ | कार्यालय प्रमुख कोठा मर्मत सम्भार | ५६,५५५ |
| ८ | मिडिया विज्ञापन एजेन्सीद्धारा IEE प्रतिवेदन सूचना प्रकाशन विल नं. १३ | ४५,७६५ |
| ९ | रूपन्देही नेटवर्क प्रा.लि. द्धारा सूचना प्रकाशन विल नं. ००२ | २३,७३० |
| | जम्मा | ५,७३,३२१ |

७. प्रदेश नं. ५ कृषि तथा पशुपालन तर्फ साझेदारी कार्यक्रम सम्बन्धमा ।

**निर्णयः** भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (योजना तथा अनुगमन महाशाखा) ५ नं. प्रदेश बुटवलको च.नं. १८२ - २०७५/७६ मिति २०७५।८।१३ गतेको पत्र बमोजिम आ.व. २०७५/०७६को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरपालिकाको लागि कृषि तथा पशु पालन तर्फ साझेदारी कार्यक्रमको लागि विनियोजित बजेटमा २० प्रतिशत थप गर्ने गरी कार्यक्रम माग भै आएकोले सोही अनुरूप लागत सहभागिता शीर्षकबाट रू. ५,००,०००।- (पाँच लाख मात्र) उक्त कार्यक्रममा थप गर्ने निर्णय गरियो ।

८. नगरपालिका कार्यालयका परिसरमा निर्माणधिन बुद्ध पार्क सम्बन्धमा ।

**निर्णयः** यस बुद्धभूमी नगरपालिका कार्यालय परिसर भित्र बुद्धको मूर्ति स्थापना गरी पार्क निमार्ण गर्नको लागि आ.व. २०७५/०७६ मा रू. ३,००,०००।- (तीन लाख मात्र) बजेट विनियोजित भएकोमा उक्त बजेटले निर्माणाधिन पार्क सम्पन्न हुन नसक्ने भनी प्राविधिकको राय बमोजिम निम्नानुसारको काममा संचित कोषबाट रकम थप गरी आगामी चौथो नगर सभाबाट अनुमोदनको लागि पेश गर्ने गरी निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. बुद्धमूर्ति स्थापना पार्क निर्माणको लागि थप रकम | २,५०,०००। |
| २. बगैचा निर्माण गरी सजावट काम समेतको रकम | ३,५०,०००। |
| ३. तारजाली र दुबो खरिद अन्य कामको रकम समेत | २,५०,०००। |
| जम्मा | ८,५०,०००। |

९. सौर्य उर्जा सडक वत्ति सम्बन्धमा ।

**निर्णयः** यस बुद्धभूमी नगरपालिकाको तेस्रो नगरसभाबाट पारित बार्षिक कार्यक्रम मध्ये सौर्य उर्जा शिर्षक कार्यक्रमबाट लागत साझेदारी ६०/४० मा विभिन्न समुह, समुदाय, इच्छुक भई माग प्राप्त भएको हुँदा निजहरूको तपसिलको मागलाई संम्बोधन गरी बाँकी रहन जाने उक्त शीर्षकको रकमबाट नगरपालिकाको सबै वडाको चोक, चौराह, मठ मन्दिर, सार्वजनिक स्थानहरूमा अनुगमन, रायपरामर्श गरी व्यवस्थापन र कार्यान्वयनको लागि नगर प्रमुख ज्यू र प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई जिम्मेवारी प्रत्यायोजन दिने निर्णय गरियो ।

Scanned by CamScanner

६०/४० को कार्यक्रम

| सि.न. | योजना/कार्यक्रमको नाम | संख्या | नगरको लगानी | समूहको लगानी | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | बुद्धभूमी -१, बसन्तपुर समूह | ४ (चार) | २,६४,०००। | १,७६,०००। | ४,४०,०००। |
| २ | बुद्धभूमी -१, कुन्द्रा समूह | ४(चार) | २,६४,०००। | १,७६,०००। | ४,४०,०००। |
| ३ | बुद्धभूमी -१, जुरपानी समूह | ३(तीन) | १,९८,०००। | १,३२,०००। | ३,३०,०००। |
| ४ | बुद्धभूमी -१, आर्दश समूह | ३(तीन) | १,९८,०००। | १,३२,०००। | ३,३०,०००। |
| ५ | बुद्धभूमी -१, जय वनशक्ति समूह | १(एक) | ६६,०००। | ४४,०००। | १,१०,०००। |
| ६ | बुद्धभूमी -१, राजकुडा समूह | २(दुई) | १,३२,०००। | ८८,०००। | २,२०,०००। |
| जम्मा | | | ११,२२,०००। | ७,४८,०००। | १८,७०,०००। |

१०. नदीजन्य एवं अन्य ठेक्का व्यवस्थापन सम्बन्धमा।

**निर्णयः** नदीजन्य ठेक्का व्यवस्थापन, ताल ठेक्का व्यवस्थापन र ईट्टा उद्योगहरूको नियमन र कार्न्यान्वन समेत गर्नको लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| सदस्य | उप प्रमुख |
| सदस्य | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | राजस्व शाखा प्रमुख |
| सदस्य | प्राविधिक शाखा प्रमुख |
| सदस्य | सम्बन्धीत वडाको वडा अध्यक्ष |
| सदस्य- सचिव | सामाजिक विकास शाखा प्रमुख |

उपरोक्त बमोजिमको कार्यदलले ताल व्यवस्थापन र नदीजन्य पदार्थको व्यवस्थापनको लागि आवश्यक पर्ने प्रक्रिया समेत पुरा गरी कार्यपालिका समक्ष राय प्रतिवेदन उपलब्ध गराउने निर्णय गरियो।

११. विद्यालय र स्वास्थ्य चौकीहरूमा ई. हाजिरी जडान सम्बन्धमा।

**निर्णयः** बुद्धभूमी नगरपालिकाको संचितकोषबाट तलव भत्ता उपलब्ध हुने सबै कार्यालय (विद्यालय, स्वास्थ्य, कृषि, पशु) शाखाहरूमा विद्युतीय हाजिरी जडान गर्ने र गुणस्तर स्वास्थ्य, शिक्षाको क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै लैजाने नगरपालिकाको उद्देश्य रहेकोले जडान भैसकेका रिकर्डहरुसमेतलाई बुद्धभूमी नगपालिकाको केन्द्रीय रिकर्डमा समावेस गरि हाजिरि प्रतिवेदनलाई एकिकृत गर्दै लैजानको लागि नगरपालिका कार्यालयको कार्यालय संचालन शीर्षकबाट रू. ५,००,०००।- (पाँच लाख मात्र) बजेट व्यवस्थापन गरी खरिद साथै जडान कार्य गर्ने निर्णय समेत गरियो।

१२. जिल्ला ट्राफिक कार्यालय गोरूसिगेंको पत्र सम्बन्धमा।

**निर्णयः** जिल्ला ट्राफिक कार्यालय कपिलवस्तुको च.नं.:३५२ मिति:२०७५।०९।०२ को पत्रानुसार यस नगरपालिका क्षेत्रभित्र पर्ने गोरुसिंगेमा सबारी ईन्ट्री प्वाईन्टमा हाल ड्रम राखि संचालनमा रहेकोमा रातको समयमा दुर्घटना हुनसक्ने भएकोले दुर्घटना न्यूनिकरणमा सहयोग पुयाउनको लागि माग बमोजिमको सडक डिभाईडर - ८ थान र ट्राफिक कोण - १० थान को व्यवस्था गर्न रु.१ लाख कार्यालय सञ्चालन शीर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

१३. जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको पत्र सम्बन्धमा।

**निर्णयः** जिल्लाको सुरक्षा सम्बन्धी डकुमेन्ट्री लगाएतका श्रब्य दृष्यहरु प्रदर्शन गर्नको लागि १ थान Led TV माग भई आएकोले यस नगरपालिकाको कार्यालय सञ्चालन शीर्षक बाट रू. ५०,०००। हजार सम्मको Led TV १ थान खरिद गरि सहयोग गर्ने निर्णय गरियो।

१४. बहुक्षेत्रिय पोषण योजना कार्यक्रम सम्बन्धमा।

**निर्णयः** यस नगरपालिकाको कृषि, पशु, महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य, सरसफाई लगाएतका कार्यक्रमहरुबाट यस नगरपालिकाको पोषण स्वस्थ्य सुधारको लागि तयार गरिएको बार्षिक कार्यक्रम मध्ये राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने रु.२० लाख र यस कार्यालयको लागत सहभागीता बाट रु. ४ लाख गरि २४ लाखको कार्यक्रम सम्बन्धीत शाखाहरूबाट सिफारिस भई आएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो।

Scanned by CamScanner

१५. प्लाष्टिक जन्य पदार्थको प्रयोग बन्द गर्ने सम्बन्धमा।

**निर्णयः** दैनिक उपभोगको क्रममा अत्याधिक प्रयोग हुने प्लाष्टिकजन्य सामाग्री प्लाष्टिक कप, प्लेट र प्याकेजिङ सामाग्रीहरुले मानव स्वास्थ्य तथा वातावरणमा समेत प्रतिकूल प्रभाव पार्ने हुनाले यस नगरपालिका क्षेत्र भित्र हुने सभा सम्मारोह, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्था र अन्य कार्यालयहरूको परिसर भित्र प्लाष्टिक कपको प्रयोग बन्द गर्न सबै वडा जन प्रतिनिधिहरुबाट पहल गरी कार्यान्वयनको लागि नेपाल सरकारको कुनै निकायमा दर्ता भई संचालनमा आएका सम्बन्धीत वडा भित्रका संघ, संस्था, कार्यालय समेतहरूलाई सो सम्बन्धी व्यवस्थापनको लागि पत्राचार गरी जानकारी गराउने साथै सो को अनुगमन र नियमन गर्ने गराउने भनी निर्णय गरियो।

१६. माघी महोत्सवको लागि सहयोग सम्बन्धमा।

**निर्णयः** बुद्धभूमी नगरपालिकाले थारू समुदायको माघी (खिचडी) एवं नयाँ बर्ष २०७५ को पावन अवसरमा आदिवासी थारूहरूको भेषभुसा, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धको लागि यस नगरपालिकाको आ.व. २०७५।०७६ को बार्षिक कार्यक्रम रहेकोले माघी महोत्सव शिर्षकबाट नवौं कपिलवस्तु माघी (खिचडी) महोत्सव तथा नयाँ बर्ष २०७५ चन्द्रौटाका लागि रू. ५०,०००।- (अक्षरूपी पचास हजार मात्र) र प्रथम बुद्धभूमी माघी (खिचडी) महोत्सव तथा नयाँ बर्ष २०७५ बुडढीलाई रू. २,००,०००।- (अक्षरूपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

१७. तराई -मधेश समृद्धि कार्यक्रम सम्बन्धमा।

**निर्णयः** तराई मधेश समृद्धि कार्यक्रमबाट योजना माग भै आए बमोजिम यस बुद्धभूमी नगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय भै माग गरिएको योजनाहरू मध्ये तपसिलका योजनाहरू तराई मधेश समृद्धि कार्यक्रमबाट स्वीकृति भै सोही कार्यक्रमको सञ्चालन कार्यविधि २०७५ अनुरूप कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रमको लागि लागत सहभागिता १०% प्रतिशत नगरपालिकाबाट समावेश गर्नु पर्ने हुँदा लागत सहभागिता शिर्षकबाट नपुग रकम समावेश गर्ने निर्णय गरियो।

| सि. नं. | योजनाको नाम | स्थान | केन्द्रीय अनुदान | न.पा. लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| १ | समयमाई थान पोखरी तथा जलाशय निर्माण योजना | बुद्धभूमी न.पा.-३ | २५,००,०००। | २,५०,०००। | २७,५०,०००। |
| २ | चेतरादेही-धनकौली-मुहवा-नयाँनगर-दरखसवा-चरिगावा-पचिगावा सडक कालोपत्रे | बुद्धभूमी न.पा. ६,८, १० | १,००,००,०००। | १०,००,०००। | १,१०,००,०००। |
| ३ | पुरैना - घन्चौरा - भुतैया हुँदै गोरखपुरे डाँडा सडक कालो पत्रे | बुद्धभूमी न.पा. २, ३ | ७५,००,०००। | ७,५०,०००। | ८२,५०,०००। |

पुनश्चः सि.नं. २ चेतरादेही-धनकौली-मुहवा-नयाँनगर-दरखसवा-चरिगावा-पचिगावा सडक खण्डमा तेस्रो नगर सभाबाट विनियोजित रकम मध्ये रू. १०,००,०००। दश लाख मात्र लागत सहभागितामा समावेश गरी बाँकी रकम रू. २,९०,००,०००।- टेण्डर प्रक्रियामा काम गर्ने निर्णय गरियो।

१८. झोलुगे पुल निमार्ण सम्बन्धमा।

**निर्णयः** यस बुद्धभूमी नगरपालिकाका विभिन्न स्थानहरूमा निर्माधीन झोलुङ्गे पुल विगत बर्षहरूमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अर्न्तगत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम जिल्ला प्राविधिक कार्यालय कपिलवस्तुबाट कार्यान्वयन हुँदै आएकोमा हाल उक्त कार्यक्रमको बजेट शीर्षक नम्बर ३६५८०९ तर्फको बाँकी अनुदान यस नगरपालिकामा प्राप्त हुने भएकोले तपसिलका निर्माणाधिन झोलुङ्गे पुल योजनाहरू कार्यान्वयनमा ल्याई सम्पन्न गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. कुमालघाट झोलुङ्गे पुल, बुद्धभुमी -४ ,क.व.।

२. धमौली रनगाई झोलुङ्गे पुल, बुद्धभूमी -९ र ३ क.व.।

३. टिक्कर रामदतिवन झोलुङ्गे पुल, बुद्धभूमी -१, क.व.।

१९. भृकुटी मा.वि. बुडढीको स्वर्ण महोत्सव सम्बन्धमा।

**निर्णयः** यस बुद्धभूमी नगरपालिका वडा नं. ४ स्थित श्री भृकुटी माध्यमिक विद्यालयले स्थापना कालको ५० बर्ष पुगेको बर्ष गांठको उपलक्ष्यमा यही २०७५ साल माघ महिनाको २०,२१,र २२ गते स्वर्ण महोत्सव कार्यक्रम मनाउने निर्णय भएको भनी

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

विद्यालयबाट जानकारी आएको हुँदा नगरपालिकाको तर्फबाट उक्त महोत्सव कार्यक्रमको लागि आगामी नगर सभाबाट निर्णय गर्ने गरी रू. ५,००,०००।- (अक्षरूपी पाच लाख मात्र) सहयोग अनुदान दिने निर्णय गरियो।

२०. संघ संस्थाको जिम्मेवारी पदमा नबस्ने सम्बन्धमा।

**निर्णय:** यस बुद्धभूमी नगरपालिका मातहतमा रहेका कार्यालयहरू र शिक्षण संस्थाहरूमा कार्यरत स्थायी वा अस्थायी कर्मचारीहरू विभिन्न संघ/संस्था/सामुदायिक वन/उपभोक्ता समितिहरूमा जिम्मेवारी पदको भूमिकामा बसी काम गरेको र आफ्नो पदीय मर्यादा अनुरूपको काम कर्तव्य जिम्मेवारीलाई पूर्ण रूपमा पालन नगरी बेवस्ता गरी बाहिरी कामकाजमा बढी ध्यान दिने गरेको भन्ने बुझिन आएको हुँदा त्यस्ता संघ/संस्था सामुदायिक वन/उपभोक्ता समितिहरूको जिम्मेवारी पदमा नबसिदिनको लागि सबै निकायहरूमा जानकारी पठाउने सोको नियमन गर्नको लागि सम्बन्धित वडाबाट अनुगमन समेत गर्ने निर्णय गरियो।

२१. विविध

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमी न.पा. वडा न. ९ का गोपाल अधिकारी क्यान्सर रोगबाट पिडित भएको र आर्थिक अवस्था कमजोर भएकोले वडा कार्यालयको सिफारिस बमोजिम उपचारका लागि रु.५०००।- अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५०००।- |
| २ | बुद्धभूमी न.पा. वडा न. १ की सुकनी थारू मृगौला समस्याको कारण पिडित भएकोले निजको उपचारार्थ रु.५०००।- आर भएकोले उपचारका लागि आर्थिक अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो | आर्थिक सहायता | ५,०००।- |
| ३ | यसै कार्यालयमा कार्यरत ना.सु. श्री हुमकान्त खनालको श्रीमती श्री जमूना पौडेलको (बर्न म्यारोको) उपचारार्थ रु.१० हजार र आज बसेको बैठकबाट बैठक भत्ता वापत पदाधिकारीहरुले पाउने १ दिनको वैठक भत्ता सहयोग दिने र शिघ्र स्वास्थ्यलाभको कामना सहित निर्णय गरियो। | आर्थिक सहायता | १०,०००।- |
| ४ | बुद्धभूमी न.पा. वडा न. ४ रबिन्द्र प्रसाद थारु बिरामी भई औषधी उपचार गराउनुपर्ने भएको र आर्थिक अवस्था कमजोर भएकोले राहत स्वरुप रु.५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |
| ५ | बुद्धभूमी न.पा. वडा न. ८ का राम अवतार यादवको घर गोठमा आगलागीबाट क्षेती भएकोले राहत स्वरुप रु ५ हजार | विपद् व्यवस्थापन | ५,०००।- |
| ६ | बुद्धभूमी न.पा. वडा न. ८ का सुरेन्द्र केवट घरमा आगलागी हुँदा शरीर जलेकोले उपचारार्थ राहतस्वरुप रु.५०००।- पाँच हजार आर्थिक सहायता र शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | विपद् व्यवस्थापन | ५,०००।- |
| ७ | बुद्धभूमी न.पा. वडा न. ३ का धन बहादुर पुनको घरमा आगलागी भएकोले राहत स्वरुप रु.५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। | विपद् व्यवस्थापन | ५,०००।- |
| ८ | राष्ट्रपति कप जुनियर अन्तर्राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता मा भाग लिन यस बुद्धभूमी नगरपालिका निवासी लिईमिन बेल्बासे जानुहुने भएकोले उक्त कार्यक्रममा सक्रिय रुपमा सहभागी भै सफलता हासिल गर्नुहुन र खेल क्षेत्रबाट यस बुद्धभूमी नगरपालिकाको नाम रोशन हुनेछ भन्ने आशा सहित प्रोत्साहन स्वरुप रु.१०हजार आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहायता | १०,०००।- |
| ९ | वडा नं. ८ चरिगावामा सञ्चालन हुन गई रहेको विष्णु महापुराण यज्ञको लागि रू. २०,०००। आर्थिक सहयोग दिने निर्णय गरियो | आर्थिक सहायता | २०,०००।- |
| १० | वडा नं. ३ दुविया निवासी बल्लु थारूलाई २ बर्षदेखि प्यारालाईसिस रोग ग्रसित भएकोले औषधी उपचारको लागि रू. ५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

Scanned by CamScanner